# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं आषाढ २३ गते ०१० साल [संख्या ४६

## भाग २

## अर्थमन्त्रालयको सूचना

सुना चाँदीको र ज्याहारात जडान भएको माल निकाशी गर्नै सवाल

उपरोक्त विषयमा देहायबमोजिमको सवाल २०१०।२१५ मा सदर भई आएकोले सूचना गरिएको छ। सोबमोजिम गर्नु गराउनुहोला।

(१) सुनाचाँदीको र ज्वाहारात जडान भएको मालमा देहायबमोजिम निकाशी महसूल लिने।

| | कं.रु | मो.रु |
|---|---|---|
| सुन तोला १ के — — | १० | १२।५० |
| चाँदी तोला १०० के— — | १० | १२।५० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) हाम्रो एक जिल्लाबाट अर्को जिल्लामा लैजाने सुन चाँदीको र ज्वाहारात जडान भएको मालमा महसूल नलिने तर देहायको नियमबमोजिम गर्ने :—

(क) निकाशी गर्ने जिल्लाका बजार भन्सार अड्डाले मालधनीको सरहदभित्रकै फलाना भन्सार बजार इलाकामा जाने भन्ने खुलाई कागज गराई दरबन्दीबमोजिमको महसूल धरौटी लिई सो कागतको १ प्रति नक्कलमा निस्सा लगाई सो र धरौटी रसीदसमेत लिमि दिने ।

(ख) सो माल लगिने जिल्लाका भन्सार बजारमा सो निस्सा लागेको कागज रसिद र सोबमोजिमको मालसमेत २ महिनाभित्र लगी जचाई निस्सा लिने दिने गर्नुपर्छ । अड्डाबाट निस्सा दिंदा हाकिम साक्षीको समेत सहिछाप गर्नु गराउनुपर्छ ।

(ग) सोबमोजिम जाँची निस्सा लगाई दिएको कागत धरौटी राखेको मितिले ६ महिनाभित्र धरौटी रहेको अड्डामा पेश गरी धरौटी राखेको रुपैयाँ फिर्ता लिने दिने गर्नुपर्छ ।

(घ) दफा (ख)मा लेखिएको म्यादभित्र जचाउन सकेको निस्सा ल्याउन नसकेकोमा र दफा ( ग ) बमोजिमको म्यादभित्र फिर्ता लिन नआएमा समेत धरौटी फिर्ता हुँदैन । धरौटी रहेको अड्डाले म्याद नाघ्नासाथ सदर स्याहामा आम्दानी बाँध्ने ।

(३) अवधिभित्र फर्काई ल्याउने गरी विदेशतर्फ लैजानेमा पनि दरबन्दीबमोजिम लाग्ने महसूल डबल धरौट लिई मात्र लान दिने । फर्काई ल्याउने अवधिका हकमा ६ महिनाभित्र जले ल्याए पनि हुने । सो म्यादभित्र फर्काई ल्याएमा माल जाँचो धरौटी फिर्ता खर्च लेखिदिने । सो म्यादभित्र फर्काई नल्याएमा धरौटी फिर्ता नदिई म्याद नाँघ्नासाथ सदर स्याहा गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) सुनाचाँदीको र ज्वाहारात जडको माल गहना कसैलाई व्यापारी तवरले न
भई निजायती तवरले विशेष कारण परी विदेश लान परेमा श्री ५ महाराजा
धिराजबाट इजाजत बक्सेकोमा बाहेक अरुमा कारण खोली अर्थ (आय
विभागमा दरखास्त दिने र उक्त विभागले मुनासीब बेमुनासिब ठहरा
परामर्शदातृसभामा साधी लैजान पाउने इजाजत दिएमा दरबन्दीबमो
जिम लाग्ने महसूल तिरी लैजान पाउँछ।

(५) सुन चाँदीको र त्यस्तोमा ज्वाहारात जडान भएको, जिउमा लगाई आएको
एकसरो गहनासम्म र चाँदीको चलनको एकसरो भाँडा छाड्नेमा नय
नियम भई नआएसम्म हाल भइरहेको बमोजिम मानिसको औकात हेर
भन्सारका तजवीजले छाडिदिने गर्ने।

(६) पुराना टकको मोहर कम्पनी र सुना चाँदीको सील साफला टुक्रा निकाश
गर्न नदिने नयाँ मोहर (चिनो भएको २००५ सालको र त्यसपछिको
नयाँ कम्पनी (गहिरी घेरा भएको १६.४० सन्को र त्यसपछिको) न
सुकी पचन्नी २००५ सालको र त्यसपछि) निकाशी गर्न दिने। था
नपाई पुरानो मोहर कम्पनी पचन्नी सुकीहरु ल्याएमा जनही रु. ५० सम
कमिशन नलिई र सोभन्दा बढी ल्याएमा शयकडा १० कमिशन, बि
भन्सार भन्सारको मौजदातबाट टही गरी दिने।

(७) सुनाचाँदीको क्यूरियोको मालको हकमा २४।७०६ मा परामर्शद
सभाबाट निर्णय भै लेखी आइरहेबमोजिम गर्ने।

(८) (क) दफा २ को रीत नपुर्याई लगेको पक्राउ भएमा बिगो ज
गरी बिगोबमोजिम दण्ड गर्ने।

(ख) दफा ३।४।५।६ को रीत नपुर्याई सुन चाँदी ज्वाहा
विदेश लैजान लागेको पक्राउ भएमा बनाही माल नि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।